नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

०९४-४२०१३३, ०९४-४२०१५१
dao.doti68@gmail.com
daodoti.moha.gov.np
facebook.com/dotidao

सिलगढी
डोटी, नेपाल ।

प.सं. ०८२/०८३
चलानी नं.

# जिल्ला प्रशासन कार्यालय, डोटीबाट प्रवाह हुने सेवा र तत् सेवाको लागि आवश्यक पर्ने कागजातहरु सम्बन्धी सूचना !!!!!!

## • नयाँ नागरिकताको लागि:

१. A4 साईजको नेपाली कागजको अनुसूची-१ फाराम ।

२. बाबु र आमाको नागरिकता प्रमाणपत्र सक्कल र सोको प्रतिलिपि ।

३. पढेका व्यक्तिको हकमा अनिवार्य रुपमा बुबा वा आमाको नाम खुल्ने शैक्षिक प्रमाणपत्रको सक्कल र सोको प्रतिलिपि।

४. जन्म दर्ता प्रमाणपत्र सक्कल र सोको प्रतिलिपि ।

५. विवाहित महिलाको हकमा थप कागजात माईतीको बुबा, आमा वा दाजुभाईको नागरिकताको प्रमाणपत्र, पतिको नागरिकताको प्रमाणपत्र र विबाह दर्ता प्रमाणपत्र सक्कल र सोको प्रतिलिपि ।

६. सनाखतको लागि बाबु वा आमा बाहेक आफ्नो वशंजतर्फ तीन पुस्ता भित्रको नातेदार आउँदा फोटो प्रमाणित सहितको नाता प्रमाणित र आमा वा बाबु उपस्थित हुन नसक्नुको मनासिव कारण खुल्ने किटानी सिफारिस ।

७. अनुसूची फाराममा र नागरिकता टाँस हुने (दुवै कान देखिने, २.५x३ से.मि. साईजको सेतो Background भएको हालसालै खिचिएको २ प्रति फोटो) । **सिफारिसमा प्रमाणित गरेको फोटो नै अनिवार्य छ।**

८. बसाँइसरी आएकाको हकमा बसाँइसराई प्रमाणपत्र ।

९. निवेदकको जन्मदर्ताको विवरण र निजको बुबा/आमाको नागरिकता प्रमाणपत्र लगायतमा कुनै विवरण फरक परेमा नागरिकता प्रमाणपत्र नं. समेत खुलाई व्यहोरा स्पष्ट हुने वडाको सिफारिस।

## • प्रतिलिपि नागरिकताको लागि:

१. प्रतिलिपि अनुसूचि फाराम पुरानो नागरिकता प्रमाणपत्र वा सोको छाँयाप्रति र नागरिकतामा टाँस हुने फोटो (अनिवार्य रुपमा दुवै कान देखिने, २.५x३ से.मि. साईजको सेतो Background भएको हालसालै खिचिएको २ प्रति फोटो ) ।

२. पतिको नामथर कायम गर्नका लागि बुँदा नं.१ का अतिरिक्त थप कागजात विवाह दर्ता, वडाको किटानी सिफारिस, पतिको नागरिकताको सक्कल र प्रतिलिपि (सनाखत गर्न पति वा सासु/ससुरा वा एकाघरका व्यक्ति सक्कल नागरिकता उपस्थित हुनुपर्ने ) ।

०९४-४२०१३३, ०९४-४२०१५१
dao.doti68@gmail.com
daodoti.moha.gov.np
facebook.com/dotidao

प.सं. ०८२/०८३
चलानी नं.

३. पतिको नामथर हटाउनका लागि बुँदा नं. १ का अतिरिक्त थप कागजात सम्बन्ध विच्छेद सम्बन्धि अदालतको फैसला, सम्बन्धित वडाको सम्बन्ध विच्छेद दर्ता प्रमाणपत्र, वडाको किटानी सिफारिस, सनाखत गर्न माईतीतर्फको नाता खुल्ने व्यक्तिको नागरिकताको सक्कल र प्रतिलिपि (सनाखत गर्न उपस्थित हुनुपर्ने) ।

## • नाबालक परिचयपत्रको लागिः

१. फोटो प्रमाणित सहितको वडा सिफारिस ।
२. बाबु र आमाको नागरिकता प्रमाणपत्र सक्कल र सोको प्रतिलिपि ।
३. विवाह दर्ता (आमाको नमगरिकता प्रमाणपत्रमा पतिको नाम उल्लेख नभएमा) ।
४. बाबु र आमाको नाम खुल्ने शैक्षिक प्रमाण पत्रको सक्कल र सोको प्रतिलिपि ।
५. जन्म दर्ता प्रमाणपत्र सक्कल र सोको प्रतिलिपि ।
६. सनाखतका लागि आमा वा बाबु मध्ये एकजना अनिवार्य रुपमा आफ्नो सक्कल नागरिकता प्रमाणपत्र सहित आउनुपर्ने ।
७. सनाखतका लागि बुबा र आमा बाहेक एका घरको (तीन पुस्ता भित्रको) नाता खुल्ने अन्य व्यक्ति आउनुपरेमा नाता प्रमाणित र कारण खुल्ने किटानी सिफारिस पत्र सहित आउनुपर्ने ।
८. नाबालक परिचयपत्रमा टाँस हुने फोटो (अनिवार्य रुपमा दुवै कान देखिने, २.५x३ से.मि. साईजको सेतो Background भएको हालसालै खिचिएको ६ प्रति फोटो)। **सिफारिसमा प्रमाणित गरेको फोटो नै अनिवार्य छ ।**

## • नागरिकता प्रमाणपत्रमा टाँस गरिने फोटो देहाय बमोजिम हुनुपर्नेः

⇒ फोटोको Background हल्का निलो वा सेतो हुनुपर्ने
⇒ फोटोमा दुवै कान र आँखा प्रष्ट देखिएको हुनुपर्ने
⇒ विद्यालयको पोशाक र कम्ब्याट पोशाकमा खिचेको फोटो मान्य नहुने
⇒ कम्प्युटरबाट ढाँका टोपी र कोट लगाई निकालेको फोटो मान्य नहुने
⇒ पुरुषको कानमा मुन्द्रा तथा महिलाको कपाल अगाडी छाडेर खिचेको फोटो मान्य नहुने
⇒ हालसालै खिचेको २.५X ३ से.मी. साईजको फोटो हुनुपर्ने

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

०९४-४२०१३३, ०९४-४२०१५१
dao.doti68@gmail.com
daodoti.moha.gov.np
facebook.com/dotidao

सिलगढी
डोटी, नेपाल ।

प.सं. ०८२/०८३
चलानी नं.

- राष्ट्रिय परिचयपत्रको लागिः
  - नेपाली नागरिकताको सक्कल प्रमाणपत्र
  - नागरिकतामा जन्ममिति नखुलेकाको हकमा जन्ममिति खुल्ने प्रमाण
  - नागरिकता प्रमाण पत्रमा उल्लेख भएको भन्दा फरक ठेगाना राख्न चाहेमा ठेगाना प्रमाणित गर्ने कागजात- बसाई सराई प्रमाणपत्र
  - नागरिकतामा पति/पत्नी नखुलेको हकमा विवाह दर्ता प्रमाणपत्र वा पति पत्नी भएको प्रमाणित हुने कागज
  - पति वा पत्नीको मृत्यु भएको भए मृत्यु दर्ता प्रमाणपत्र
  - पति वा पत्नीको नाम नागरिकतामा एक अर्काको नाम फरक परेको भए एउटै व्यक्ति सिफारिस
  - विवरण पुष्टि गर्ने अन्य कागजातहरु

- राहदानीको लागिः

**क) नयाँ राहदानी बनाउँदा**
- सक्कल नागरिकता
- राष्ट्रिय परिचयपत्र
- रु.५००० तिरेको बैंक भौचर

**ख) राहदानी नवीकरण गर्दा**
- पुरानो राहदानी सक्कल
- नागरिकता सक्कल
- राष्ट्रिय परिचयपत्र
- रु.५००० तिरेको बैंक भौचर

**ग) राहदानी हराएकोअवस्थामा**
- रु. १०००० तिरेको बैंक भौचर

**घ) अन्य आवश्यक कुराहरु**
- नागरिकता माईतीबाट बनाएको भए विवाह दर्ता प्रमाणपत्र
- नावालकको हकमा नावालक परिचयपत्र
- अभिभावकको नागरिकता सक्कल

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
०९४-४२०१३३, ०९४-४२०१५१
dao.doti68@gmail.com
daodoti.moha.gov.np
facebook.com/dotidao
सिलगढी
डोटी, नेपाल ।

प.सं. ०८२/०८३
चलानी नं.

- **हातहतियार नामसारीको लागिः**
  - अनुसुची- १३ र अनुसुची -१४ बमोजिमको निवेदन
  - निरोगिताको प्रमाणपत्र
  - चालचलन बुझेको पत्र
  - हकवालाहरुको मञ्जुरीनामा पत्र
  - इजाजतपत्रप्राप्त व्यक्तिको मृत्यु भएको हकमा मृत्यु दर्ता प्रमाणपत्र
- **हातहतियार दर्ता नवीकरणको लागिः**
  - हातहतियार लाईसेन्स सक्कल र सोको प्रतिलिपी
  - जि.प्र.का./ई.प्र.का./प्रहरी चौकीबाट हतियारको विवरणको सिफारिस वा स्वयम् उपस्थित भएर हतियार पेश गर्ने।
  - भरुवा बन्दुक भए रु.१५००/-को बैंक भौचर,१२/२२को बन्दुक भए रु.३०००/-को बैंक भौचर(वार्षिक)
  - असार मसान्तको ३५ दिन पछि जरिवाना लाग्ने।
- **दलित/आदिवासी जनजाति/खस आर्य/एउटै नामथर,जन्ममितिः**
  - वडाको सिफारिस
  - नागरिकता/जन्मदर्ता प्रमाणपत्रको सक्कल र सोको फोटोकपी
  - रु.१० को टिकट टाँसेर निवेदन
  - खस आर्य सिफारिसको हकमा निवेदक आर्थिक रुपमा विपन्न भएको र निजको थर खस आर्य समुदायभित्र सूचीकृत भएको स्पष्ट खुल्ने किटानी सिफारिस
- **बाढी/पहिरो/भुकम्प/हावाहुरी/चटयाङ/आगलागी/खडेरी लगायतका विपद्को राहातको लागिः**
  - प्रहरी सर्जमिन मुचुल्का
  - वडाको सिफारिस
  - क्षति भएको पुष्टि हुने कागजात/फोटोहरु
  - नागरिकताको फोटोकपी

०९४-४२०१३३, ०९४-४२०१५१
dao.doti68@gmail.com
daodoti.moha.gov.np
facebook.com/dotidao

प.सं. ०८२/०८३
चलानी नं.

- चेकको फोटोकपी
- रु.१० को टिकट सहित हस्तलिखित निवेदन

- **ग्याविन जालि सिफारिसको लागिः**
  - प्रहरी सर्जमिन मुचुल्का
  - वडाको सिफारिस
  - क्षति भएको पुष्टि हुने कागजात/फोटोहरु
  - नागरिकताको फोटोकपी
  - रु.१० को टिकट सहित हस्तलिखित निवेदन

- **सवै जनआन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतान्त्रिक योद्दा, द्वन्द्व पीडित र विस्थापित, अपाङ्गता भएका व्यक्ति, घाईते तथा पीडितको अभिलेखमा समावेश हुनको लागिः**
  - निवेदन,नेपाली नागरिकताको छाँया प्रति र दुई प्रति पासपोर्ट साईजको फोटो।
  - सम्बन्धित घटना पुष्टि गर्ने थप प्रमाणहरु समेत ।

- **नागरिकता र शैक्षिक प्रमाणपत्रमा विवरण फरक परेको अवस्थामा निर्णय पर्चा खडा गर्नको लागिः**
  - वडा कार्यालयको सिफारिस
  - विद्यालयको सिफारिस
  - शिक्षा विकास तथा समन्वय इकाईको सिफारिस
  - नागरिकता/जन्मदर्ता प्रमाणपत्र सक्कल र सोको फोटोकपी
  - फरक परेका शैक्षिक योग्यताका प्रमाणपत्रहरुको फोटोकपी
  - रु.१०को टिकट टाँसेर निवेदन

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

०९४-४२०१३३, ०९४-४२०१५१
dao.doti68@gmail.com
daodoti.moha.gov.np
facebook.com/dotidao

सिलगढी
डोटी, नेपाल ।

प.सं. ०८२/०८३
चलानी नं.

- ## संघ/संस्था दर्ताको लागिः
    - सम्बन्धित गा.पा./न.पा. को वडाको सिफारिस
    - आम भेलाको निर्णय
    - तदर्थ समितिको निर्णय
    - समितिका पदाधिकारीहरुको नागरिकता प्रमाणपत्र प्रतिलिपि
    - रु. १००० को बैंक भौचर
    - अनुसुची-१ बमोजिम निवेदन
    - संस्थाका पदाधिकारीहरुको चालचलन बुझेको पत्र
    - संस्थाको विधान -३ प्रति
- ## संघ/संस्था नवीकरणको लागिः
    - सम्बन्धित गा.पा./न.पा.को वडाको सिफारिस
    - करचुक्ता प्रमाणपत्र(संस्था र अडिट गर्ने फर्मको समेत)
    - अडिट रिपोर्ट
    - गत आ.व.को प्रगति विवरण सहितको प्रतिवेदन
    - आगामी आ.व.को कार्यक्रम
    - संस्थाको निवेदन
    - रु.५००को बैंक भौचर(वार्षिक)
    - असोज मसान्त पछि जरिवाना लाग्ने।

मिति २०८२/०५/१८

२०८२/५/१८
........................
(अनिल बुढाथोकी)
प्रशासकीय अधिकृत

<u>नोट</u> : कुनै पनि सेवा प्राप्तिका लागि आवश्यक सक्कल कागजातहरुमा खुल्ने विवरण फरक भएमा सबै व्यहोरा खुलाई वडाको किटानी सिफारिस अनिवार्य पठाउनु हुन ।